२०६५ साल चैत्र १२ गते रोज ४ का दिन १५.०० बजे प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा बसेको मन्त्रिपरिषद्को बैठकको निर्णय –

१. आर्थिक कार्यविधि (पहिलो संशोधन) ऐन, २०६५ को विधेयक व्यवस्थापिका-संसदमा पेश गर्ने विषयको अर्थ मन्त्रालयको नं. २।१५०-०६५।१२।६ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२. नेपाल औद्योगिक विकास निगम लिमिटेडलाई वित्तीय कारोबार गर्न स्वीकृति दिने विषयको उद्योग मन्त्रालयको नं. ३।४१-०६५।१२।१२ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्न सैद्धान्तिक स्वीकृति दिने ।

३. सार्वजनिक सेवालाई समावेशी बनाउनको लागि केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक व्यवस्थापिका-संसद समक्ष पेश गर्ने विषयको कानून, न्याय तथा संविधान सभा व्यवस्था मन्त्रालयको नं. ४।८१-०६५।१२।७ को प्रस्ताव - यसैसाथ संलग्न 'सार्वजनिक सेवालाई समावेशी बनाउनको लागि केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक' व्यवस्थापिका-संसद समक्ष पेश गर्ने ।

४. जाँचबुझ आयोगको म्याद थप गर्ने (पत्रकार जगतप्रसाद जोशीको हत्या सम्बन्धी) विषयको गृह मन्त्रालयको नं. ६।२७६-०६५।१२।१२ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

५. सप्तकोशी तटबन्ध मर्मत पुनःस्थापना आपत्कालीन खर्च अनुमोदन गर्ने विषयको जलस्रोत मन्त्रालयको नं. ७।४५-०६५।१२।६ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

६. जग्गा खरिद गर्ने अनुमति प्रदान गरी रजिष्ट्रेशन दस्तुर मिनाहा दिने विषयको परराष्ट्र मन्त्रालयको नं. ८।५७-०६५।१२।१० को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

७. सम्माननीय प्रधानमन्त्रीको नर्वे र फिनल्याण्ड भ्रमण सम्बन्धी विषयको परराष्ट्र मन्त्रालयको नं. ८।५९-०६५।१२।१२ को प्रस्ताव -प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

८. सरकारी जग्गाको भोगाधिकार उपलब्ध गराउने (तमु छोंज धीं महाज्ञान बौद्ध विहार, रुपन्देहीलाई) विषयको भूमिसुधार तथा व्यवस्था मन्त्रालयको नं. ९।३०-०६५।९।१६ को प्रस्ताव - बढीमा तीस बर्षको लागि भोगाधिकार उपलब्ध गराउने गरी अरु प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

९. United Nations Forum on Forests मा भाग लिन जाने (मा. मन्त्री) विषयको वन तथा भू-संरक्षण मन्त्रालयको नं. १३।४९-०६५।१२।७ को प्रस्ताव - प्रस्तावको प्रकरण ४. "निर्णय हुनुपर्ने व्यहोरा" अन्तर्गत रहेको 'नेता भत्ता' हटाउने र भैपरी खर्च वापत तीन शय अमेरिकी डलर मात्र उपलब्ध गराउने गरी अरु प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१०. सरकारी वार्ता टोली र संयुक्त मुस्लिम राष्ट्रिय संघर्ष समितिको वार्ता टोलीबीच भएको ६ बुँदे सहमति अनुमोदन गर्ने विषयको शान्ति तथा पुनर्निर्माण मन्त्रालयको नं. १५।६१-०६५।१२।७ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

११. मानव संसाधन मन्त्रालय गठन सम्बन्धमा थाइल्याण्ड र मलेशियाको अध्ययन भ्रमण (मा. मन्त्रीको नेतृत्वमा) विषयको सामान्य प्रशासन मन्त्रालयको नं. १८।७९-०६५।१२।१२ को प्रस्ताव - भैपरी खर्च वापत माननीय मन्त्रीलाई तीन शय अमेरिकी डलर र सचिवलाई दुई शय अमेरिकी डलर उपलब्ध गराउने गरी अरु प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१२. पत्रपत्रिका र संघ-संस्थाहरुलाई निःशर्त आर्थिक अनुदान उपलब्ध गराउने विषयको सूचना तथा सञ्चार मन्त्रालयको नं. १९।५१-०६५।१२।३ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१३. महेन्द्र अस्पताल दाङको नाम परिवर्तन गरी राप्ती उपक्षेत्रीय अस्पताल नामकरण गर्ने विषयको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको नं. २२।१०७-०६५।१२।४ को प्रस्ताव - प्रस्तावको प्रकरण ४. "निर्णय हुनुपर्ने व्यहोरा" मा देहायबमोजिम मिलाई अरू प्रस्तावमा लेखिएबमोजिम गर्ने-

(क) प्रस्तावको विभिन्न ठाँउमा रहेका "नामाकरण" भन्ने शब्दको सट्टा "नामकरण" भन्ने शब्द राख्ने ।

(ख) साविक महेन्द्र अस्पताल दाङमा संयुक्त रूपमा संचालन भई रहेको जिल्ला जनस्वास्थ्य कार्यालयलाई अब उप्रान्त छुट्टै संचालन गर्ने ।

१४. नेपाल सरकारको निजामती सेवाका राजपत्राङ्कित विशिष्ट श्रेणीका देहायका अधिकृतहरूलाई निजामती सेवा ऐन, २०४९ को दफा १८. को उपदफा (२) बमोजिमको समितिले सिफारिश गरेबमोजिम देहायबमोजिम सरुवा गर्ने -

| क्र.सं. | नाम थर | हालको पद र कार्यरत निकाय | सरुवा भएको पद र निकाय |
|---|---|---|---|
| १. | श्री शंकरप्रसाद पाण्डे | सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सचिव, कृषि तथा सहकारी मन्त्रालय |
| २. | श्री वामनप्रसाद न्यौपाने | सचिव, रक्षा मन्त्रालय | रा.प.विशिष्ट श्रेणी सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूह |
| ३. | श्री ताना गौतम | सचिव, उद्योग मन्त्रालय | प्रमुख अधिकृत, राष्ट्रिय सतर्कता केन्द्र |
| ४. | श्री लीलामणि पौडेल | सचिव, सूचना तथा सञ्चार मन्त्रालय | सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ५. | श्री प्रतापकुमार पाठक | का.मु.सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | का.मु.सचिव, उद्योग मन्त्रालय |
| ६. | श्री सुशील घिमिरे | का.मु. प्रमुख अधिकृत, राष्ट्रिय सतर्कता केन्द्र | का.मु. सचिव, सूचना तथा सञ्चार मन्त्रालय |
| ७. | श्री गणेशराज जोशी | का.मु.सचिव, राष्ट्रिय सूचना आयोग | का.मु.सचिव, रक्षा मन्त्रालय |

१५. मन्त्रिपरिषद्, प्रशासन समितिबाट मिति २०६५।११।१६ मा 'निजामती कर्मचारीको आचरण सम्बन्धी नियमावली, २०६५' को नियम २५ को उपनियम (३) पछि देहायको उपनियम (३) थप गर्ने र साबिकको उपनियम (३) लाई उपनियम (४) कायम गर्ने गरी भएको निर्णय अनुमोदन गर्ने -
"(३) सरकारी कामकाजको सिलसिलामा बाहेक निजामती कर्मचारीले आफ्ना सेवाग्राहीले आयोजना गर्ने कुनै पनि भोजभतेर तथा जमघटको कार्यक्रममा सहभागी हुनु हुँदैन ।"

१६. काठमाडौं उपत्यकामा परम्परादेखि संचालन हुँदै आएको घोडेजात्रा पर्वको उपलक्ष्यमा यही २०६५ साल चैत १३ गते काठमाडौं उपत्यकाभित्रका सबै सरकारी कार्यालयलाई सार्वजनिक विदा दिने ।

१७. मं.प.बै.सं. ४४।०६५ मिति २०६५।१०।२९ को मन्त्रिपरिषद्को बैठकबाट "सम्माननीय राष्ट्रपति र सम्माननीय उपराष्ट्रपतिका निजी चिकित्सकमा (Physician attached to President & Vice President) नियमित स्वास्थ्य परीक्षणका लागि डा. यादव भट्टलाई तोक्ने ।" निर्णय भएकोमा सम्माननीय उपराष्ट्रपतिको निजी चिकित्सकमा ओम हस्पिटल एण्ड रिसर्च सेन्टर, काठमाण्डौका वरिष्ठ चिकित्सक डा. उग्रनारायण पाठकलाई तोक्ने ।

१८. देहाय बमोजिम गर्ने -

(क) चलचित्र विकास बोर्डलाई नेपाली चलचित्र विकास कार्यमा सहयोग पुऱ्याउन अक्षय कोष स्थापनाका लागि एक करोड रुपैयाँ उपलब्ध गराउने ।

(ख) नेपाल गणतान्त्रिक खेलकूद महासंघलाई सो संघले यही २०६५ फागुन महिनामा संचालन गरेको अन्तर्राष्ट्रिय फुटबल प्रतियोगिताका लागि पच्चीस लाख रुपैयाँ आर्थिक सहयोग उपलब्ध गराउने ।

(ग) यही २०६५ फागुन महिनामा संचालन गरेको अन्तर्राष्ट्रिय फुटवल प्रतियोगितामा बिजेता नेपाली खेलाडीहरुलाई नेपाल सरकारद्वारा प्रदान गरिएको पुरस्कार वापत हुन आउने दश लाख पचास हजार रुपैयाँ निकासा दिने ।

१९. मं.प.बै.सं. ४७।०६५ मिति २०६५।११।२६ को मन्त्रिपरिषद्को निर्णयमा "निजामती सेवा ऐन, २०४९ को दफा ५३ को उपदफा (३) बमोजिम गठन भएका ट्रेड युनियनका केन्द्रीय पदाधिकारी र सदस्यहमध्ये बढीमा पाँचजना सम्मलाई काजको व्यवस्था मिलाउने कार्य सामान्य प्रशासन मन्त्रालयले गर्ने ।" भन्ने हुनुपर्नेमा अन्यथा हुन गएकोले सुधार गर्ने ।

२०. मं.प.बै.सं. ४८।०६५ मिति २०६५।१२।५ को मन्त्रिपरिषद्को बैठकबाट अनुमोदित तराईमा आन्दोलनरत आदिवासी थारु समुदाय तथा नेपाल आदिवासी जनजाति महासंघका प्रतिनिधि र नेपाल सरकारका प्रतिनिधिवीच भएको सम्झौतामा उल्लिखित आन्दोलनका क्रममा शहादत प्राप्त गर्ने कमल चौधरी, विपिन क्षेत्री, रामप्रसाद चौधरी र प्रकाश चौधरीलाई तराई आन्दोलनको सहिद घोषणा गर्ने र निजहरुको परिवारलाई जनही दश लाख रुपैयाँ आर्थिक सहायता उपलब्ध गराउने ।

२१. यसैसाथ संलग्न "मतदाता नामावली सम्बन्धी ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक" व्यवस्थापिका संसद समक्ष पेश गर्ने ।

२०६५ साल चैत्र ५ गते रोज ४ का दिन १५.०० बजे प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा बसेको मन्त्रिपरिषद्को बैठकको निर्णय –

१. नगर विकास कार्यक्रम तेस्रो चरणका लागि जर्मन सरकारबाट नेपाल सरकारलाई उपलब्ध हुने अनुदान सहायता स्वीकार गर्ने विषयको अर्थ मन्त्रालयको नं. २।१४८-०६५।१२।३ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२. बाढीजन्य क्षति पुनर्निर्माण आयोजना सञ्चालन गर्न एशियाली विकास बैङ्कसंग वार्ता गर्न वार्ता टोली गठन गर्ने विषयको अर्थ मन्त्रालयको नं. २।१४९-०६५।१२।३ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

३. भ्रमण खर्च उपलब्ध गराउने (महान्यायाधिवक्ता श्री राघवलाल बैद्यलाई) विषयको कानून, न्याय तथा संविधान सभा व्यवस्था मन्त्रालयको नं. ४।७९-०६५।११।२५ को प्रस्ताव - भैपरी खर्च वापत अमेरिकी डलर तीन सय उपलब्ध गराउने गरी अरु प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

४. नेपाल कृषि अनुसन्धान परिषद्को कार्यकारी निर्देशक पदमा नियुक्ति गर्ने विषयको कृषि तथा सहकारी मन्त्रालयको नं.५।४४-०६५।११।२० को प्रस्ताव - डा. भारतेन्दु मिश्रलाई नेपाल कृषि अनुसन्धान परिषद्को कार्यकारी निर्देशक पदमा नियुक्त गर्ने गरी अरू प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

५. थप दरबन्दी सृजना गर्ने विषयको कृषि तथा सहकारी मन्त्रालयको नं. ५।५०-०६५।१२।४ को प्रस्ताव - प्रस्तावको प्रकरण ४."निर्णय हुनुपर्ने व्यहोरा" अन्तर्गत प्रस्तावित व्यहोरामा देहायबमोजिम मिलाई अरु प्रस्तावमा लेखिएबमोजिम गर्ने-

    (क) खण्ड (ख) मा रहेको "सहकारी फाँट" भन्ने व्यहोराको सट्टा "सहकारी शाखा" भन्ने व्यहोरा राख्ने ।

    (ख) खण्ड (ग) पछि देहायको खण्ड (घ) थप गर्ने-

        (घ) उल्लिखित दरवन्दीमा निजामती सेवा ऐन, २०४९ को दफा २४घ१. बमोजिम बढुवा भएका कर्मचारीलाई प्राथमिकता दिई पदस्थापन गर्ने ।

६. निलम्वन गर्ने (राष्ट्रिय बीउ विजन कम्पनी लिमिटेडका प्रवन्ध सञ्चालक ननु झालाई) विषयको कृषि तथा सहकारी मन्त्रालयको नं. ५।५१-०६५।१२।४ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

७. सन् २००९ को लागि इन्टरपोलको वार्षिक सदस्यता शुल्क भुक्तानी गर्ने विषयको गृह मन्त्रालयको नं. ६।२६५-०६५।११।२५ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

८. माननीय उपप्रधानमन्त्री एवं गृह मन्त्रीको सल्लाहकार नियुक्ति गर्ने (श्री युवराज संग्रौलालाई) विषयको गृह मन्त्रालयको नं. ६।२७१-०६५।१२।५ को प्रस्ताव - प्रस्तावको प्रकरण ४ "निर्णय हुनुपर्ने व्यहोरा" अन्तर्गत रहेको "राज्य मन्त्री सरहको" भन्ने व्यहोराको सट्टा "सहायक मन्त्री सरहको" भन्ने व्यहोरा राखी अरु प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

९. राष्ट्रिय विद्युत संकट निरुपण कार्ययोजना, २०६५ मा थप तीनवटा कार्ययोजनाहरु समावेश गर्ने विषयको जलस्रोत मन्त्रालयको नं. ७।४३-०६५।१२।५ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्न सैद्धान्तिक स्वीकृति दिने र कार्यान्वयन गर्दा बजेट व्यवस्थापनका लागि अर्थ मन्त्रालयसँग समन्वय गर्ने । साथै घरेलु सौर्य विद्युत प्रणाली अन्तर्गत भौगोलिक क्षेत्रको आधारमा अनुदान रकम तोकिएकोमा सोको सट्टा सबै ग्रामीण क्षेत्रमा दश हजार रुपैयाँ अनुदान रकम कायम गर्ने ।

१०. नेपाल सरकारले नेपाल वायुसेवा निगममा ऋण लगानी गर्ने र नेपाल नागरिक उड्डयन प्राधिकरणले जरिवाना मिनाहा गर्ने विषयको पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको नं. ८क।२३-०६५।११।२६ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

११. तल्लो पिलुवाखोला जलविद्युत आयोजना निर्माणको लागि वन क्षेत्रको जग्गाको भोगाधिकार उपलब्ध गराउने विषयको वन तथा भू-संरक्षण मन्त्रालयको नं. १३।४६-०६५।११।२२ को प्रस्ताव - प्रस्तावको प्रकरण ४ "निर्णय हुनुपर्ने व्यहोरा" अन्तर्गत रहेको "बढीमा ४० वर्षको लागि" भन्ने व्यहोराको सट्टा "बढीमा ३० वर्षको लागि" भन्ने व्यहोरा राखी अरु प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१२. माईखोला साना जलविद्युत आयोजना निर्माणको लागि वन क्षेत्रको जग्गाको भोगाधिकार उपलब्ध गराउने विषयको वन तथा भू-संरक्षण मन्त्रालयको नं. १३।४७-०६५।११।२२ को प्रस्ताव - प्रस्तावको प्रकरण ४ "निर्णय हुनुपर्ने व्यहोरा" अन्तर्गत रहेको "बढीमा ४० वर्षको लागि" भन्ने व्यहोराको सट्टा "बढीमा ३० वर्षको लागि" भन्ने व्यहोरा राखी अरु प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१३. कार्यदलका पदाधिकारीहरुलाई सुविधा उपलब्ध गराउने विषयको शान्ति तथा पुनर्निर्माण मन्त्रालयको नं. १५।५८-०६५।११।२६ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१४. मधेशी युवा फोरमका उपत्यका अध्यक्ष श्री जीतेन्द्र शाहको वारेमा छानविन एवं अनुसन्धान गरी प्रतिवेदन पेश गर्न गठित जाँचबुझ आयोगका अध्यक्षको पारिश्रमिक विषयको शान्ति तथा पुनर्निर्माण मन्त्रालयको नं. १५।५९-०६५।१२।२ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१५. सरकारी वार्ता टोली र आदिवासी थारु समुदाय तथा नेपाल आदिवासी जनजाति महासंघका प्रतिनिधिहरुबीच भएको ६ बुँदे सहमति अनुमोदन गर्ने विषयको शान्ति तथा पुनर्निर्माण मन्त्रालयको नं. १५।६०-०६५।१२।४ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१६. China-Southern Asia Forum on Radio and Television कार्यक्रममा भाग लिन पठाउने (मा. मन्त्रीको नेतृत्वमा) विषयको सूचना तथा सञ्चार मन्त्रालयको नं. १९।५२-०६५।१२।३ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१७. नियुक्ति गर्ने (श्री रमेशप्रसाद भट्टराईलाई) विषयको सूचना तथा सञ्चार मन्त्रालयको नं. १९।५३-०६५।१२।४ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१८. राष्ट्रिय प्रतिभा पुरस्कार कार्यविधि, २०६४ मा संशोधन गर्ने विषयको संस्कृति तथा राज्य पुनःसंरचना मन्त्रालयको नं. २०।५१-०६५।१२।४ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१९. थाइल्याण्ड तथा चीन भ्रमण गर्ने (मा. मन्त्रीको नेतृत्वमा) विषयको संस्कृति तथा राज्य पुनःसंरचना मन्त्रालयको नं. २०।५२-०६५।१२।४ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२०. नेपाल सरकारबाट विभिन्न मितिमा जारी भएका देहायका अध्यादेशहरु सम्बन्धित मन्त्रालयले व्यवस्थापिका-संसद समक्ष पेश गर्ने-

    (१) सार्वजनिक सेवालाई समावेशी बनाउने सम्बन्धमा केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०६५
    (२) व्यक्ति बेपत्ता पार्ने सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०६५
    (३) मतदाता नामावली सम्बन्धी ऐन, २०६३ लाई संशोधन गर्न बनेको अध्यादेश, २०६५

२१. मन्त्रिपरिषद् र मन्त्रिपरिषद्का विभिन्न समितिहरुबाट विभिन्न मितिमा स्वीकृत भएका देहायका ऐनका विधेयकहरु सम्बन्धित मन्त्रालयले व्यवस्थापिका-संसद समक्ष पेश गर्ने-

    (१) विद्युत ऐन, २०६५
    (२) विद्युत नियमन आयोग ऐन, २०६५
    (३) विशेष आर्थिक क्षेत्र ऐन, २०६५
    (४) लगानी बोर्ड ऐन, २०६५
    (५) घरजग्गाको व्यावसायिक कारोबारसम्बन्धी ऐन, २०६५
    (६) काठमाण्डौ उपत्यका शहरी विकास ऐन, २०६५
    (७) अध्यागमन (दोस्रो संशोधन) ऐन, २०६५ ।

२२. निर्वाचन आयोगको मिति २०६५।११।२५ को पत्रलाई दृष्टिगत गरी मोरङ्ग, धनुषा, कास्की, रोल्पा र कञ्चनपुर जिल्लाको विभिन्न निर्वाचन क्षेत्रका लागि यही २०६५ चैत २८ गते हुने संविधान सभा सदस्यको उपनिर्वाचन सम्बन्धी काम कारवाहीको अनुगमन समेतका लागि नेपाल सरकारका विशिष्ट श्रेणीका पाँच जना अधिकृतलाई खटाई पठाउन सामान्य प्रशासन मन्त्रीलाई अख्तियारी दिने ।

२३. संवत् २०६६ कार्तिकसम्मका लागि राजमार्ग, उद्योग, कलकारखाना, शिक्षण संस्था, अस्पताल लगायत अन्य अत्यावश्यक सेवाका प्रतिष्ठानहरुमा कुनै पनि बन्द, हडताल, चक्का जाम आदि विरोधका कार्यक्रम सञ्चालन नगर्न सम्बन्धित सबै पक्षलाई नेपाल सरकारका तर्फबाट आव्हान गर्ने ।

२४. नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५० बमोजिम देहायका मुलुकमा रहेका नेपाली राजदूतावासमा रिक्त राजदूत पदमा नियुक्तिको लागि देहायबमोजिमका महानुभावहरुलाई सम्भाव्य उम्मेदवारमा सिफारिश गर्ने र सो बमोजिम सिफारिश भएका व्यक्तिहरुको नाम नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५५ को प्रयोजनका लागि व्यवस्थापिका संसद समक्ष पठाउने तथा व्यवस्थापिका संसदबाट अस्वीकृत नभएमा निजहरुको नाम नियुक्तिका लागि नेपाल सरकारका मुख्य सचिवले सम्माननीय राष्ट्रपति समक्ष पेश गर्ने-

(क) भारतका लागि डा. चन्द्रकान्त पौडेल, लमजुङ

(ख) फ्रान्सका लागि श्री सुरेन्द्रकुमार कार्की, सिन्धुली

२५. अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०६५।११।२९ को पत्रानुसार यही २३-२७ मार्च, २००९ सम्म चीनको मकाउमा हुने ADB/OECD Anti corruption initiative को १३ औं Steering Group Meeting र Regional Seminar on Corruption Prevention मा आयोगका आयुक्त श्री वेदप्रसाद सिवाकोटीको नेतृत्वमा दुई सदस्यीय प्रतिनिधिमण्डललाई भाग लिन पठाउने । आयुक्तलाई भैपरी खर्च वापत अमेरिकी डलर दुई सय पचास र भ्रमण खर्च नियमावली, २०६४ बमोजिमको सुविधा उपलब्ध गराउने । प्रतिनिधिमण्डलका एक सदस्यलाई भ्रमण खर्च नियमावली, २०६४ बमोजिमको दैनिक तथा भ्रमण भत्ता उपलब्ध गराउने । उक्त रकम अर्थ मन्त्रालयले अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई निकासा दिने ।

२६. संविधान सभाका सदस्य बोधनारायण सरदारको मिति २०६५।११।३० गते मोरङको टंकी सिनुवारीमा मोटरसाइकल दुर्घटना परी मृत्यु भएको घटनाको सम्बन्धमा सत्यतथ्य पत्ता लगाई गर्नुपर्ने कारबाहीका सम्बन्धमा सिफारिश गर्न जाँचबुझ आयोग गठन गर्ने अख्तियारी गृह मन्त्रालयलाई दिने ।

२७. लोडसेडिङ भई विद्युत आपूर्ति नभएको कारणले विभिन्न उद्योग सञ्चालन नभएको अवधिको डिमाण्ड चार्ज सम्बन्धित उद्योगलाई नेपाल विद्युत प्राधिकरणले हाललाई छ महिनाका लागि छुट दिने ।

२८. मं.प.बै.सं. ४२।०६५ मिति २०६५।१०।१५ को मन्त्रिपरिषद्को निर्णयबाट गरिवी निवारण कोष ऐन, २०६३ को दफा १२ को उपदफा (१) को खण्ड (ख) बमोजिमको सदस्यमा राष्ट्रिय योजना आयोगका पूर्व सदस्य श्री महेश्वरमान श्रेष्ठलाई तोकिएकोमा निजको सट्टा सो सदस्यमा राष्ट्रिय योजना आयोगको सचिवालयका पूर्व सचिव डा. स्वयम्भूमान अमात्यलाई तोक्ने ।

२९. भूमिसुधार तथा व्यवस्था मन्त्रालयको मिति २०६५।११।२६ को पत्रानुसार भूमिसुधार सम्बन्धी उच्चस्तरीय आयोगको धनगढी, नेपालगञ्ज, चितवन, विराटनगर र काठमाडौंमा रहने सम्पर्क कार्यालयको प्रयोगको लागि एक एक वटा जीप उपलब्ध गराउन जलस्रोत मन्त्रालय, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, भौतिक योजना तथा निर्माण मन्त्रालय, शिक्षा मन्त्रालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई निर्देशन दिने ।

२०६५ साल फागुन २६ गते रोज २ का दिन ०८.०० बजे प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा बसेको मन्त्रिपरिषद्को बैठकको निर्णय –

१. नेपाल सरकारले देहायबमोजिमको अपिल जारी गर्ने-

(क) तराईका थारु समुदाय तथा विभिन्न आदिवासी/जनजाति तथा मुस्लिम समुदायको आफ्नो छुट्टै स्वतन्त्र पहिचान छ भन्ने कुरा नेपाल सरकार स्पष्ट गर्दछ । मधेशी लगायत आदिवासी/जनजातिहरुको सूचीकरण र वर्गीकरणको सम्बन्धमा गठित सम्बन्धित अध्ययन समितिबाट सुझाव मात्र प्राप्त भएको तर त्यस विषयमा नेपाल सरकार, मन्त्रिपरिषद्बाट कुनै पनि निर्णय नभएको कुरा समेत स्पष्ट गर्दछ ।

(ख) नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३३ को खण्ड (घ१) मा उल्लिखित "मुलुकको राज्य संरचनाका सबै अङ्गहरुमा मधेशी, दलित, आदिवासी, जनजाति, महिला, मजदूर, किसान, अपाङ्ग, पिछडिएका वर्ग र क्षेत्र सबैलाई समानुपातिक समावेशीको आधारमा सहभागी गराउने ।" भन्ने विषयमा नेपाल सरकार प्रतिबद्ध छ ।

(ग) सार्वजनिक सेवालाई समावेशी बनाउने अध्यादेशमा रहेको प्रतिशतको सन्दर्भमा पुनर्विचार गर्दा नेपालको अन्तरिम संविधान, २०६३ र अन्य प्रचलित कानूनलाई समेत ध्यानमा राख्नुपर्ने हुँदा सो विषयलाई कार्यान्वयन गर्ने विषयमा नेपाल सरकारलाई १५ दिनभित्र सुझाव दिन एउटा समिति सहमतिको आधारमा गठन गरिनेछ । साथै, त्यस समितिलाई समानुपातिक समावेशीकरणका लागि विभिन्न जातजाति तथा समुदायको वर्गीकरण तथा सूचीकरणको आधार र सूची समेत तयार गरी सिफारिश गर्न निर्देश गरिनेछ ।

(घ) संयुक्त थरुहट संघर्ष समिति, संयुक्त लोकतान्त्रिक थारु संघर्ष समिति, थारु राष्ट्रिय मुक्ति मोर्चा, थारु कल्याणकारी परिषद्, नेपाल लोकतान्त्रिक थारु संघ लगायतका संघ संस्थाले गरेको आन्दोलनको क्रममा शहादत प्राप्त गर्ने व्यक्तिहरुलाई नेपाल सरकारले शहीद घोषणा गरी निजहरुको परिवारलाई उचित आर्थिक सहायता प्रदान गर्नेछ ।

(ङ) आन्दोलनको क्रममा घाइते भएका व्यक्तिहरुको उपचारको व्यवस्था नेपाल सरकारले मिलाउनेछ ।

(च) आन्दोलनका क्रममा गिरफ्तार गरिएकाहरुलाई तुरुन्त रिहा गर्न गृह मन्त्रालयलाई निर्देश गरिएको छ ।

(छ) हाल संयुक्त थरुहट संघर्ष समिति, संयुक्त लोकतान्त्रिक थारु संघर्ष समिति, थारु राष्ट्रिय मुक्ति मोर्चा, थारु कल्याणकारी परिषद्, नेपाल लोकतान्त्रिक थारु संघ लगायतका संघ संस्थाले संचालन गरिआएको विरोध कार्यक्रमहरु स्थगित गरी वार्तामा आउन नेपाल सरकार हार्दिक आह्वान गर्दछ ।

२. श्रीलंकामा आयोजना हुने New Public Financial Management Accountability कार्यक्रममा सहभागी हुन पठाउने (का.वा.महालेखा परीक्षकको नेतृत्वमा) विषयको अर्थ मन्त्रालयको नं. २।१४५-०६५।११।२२ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

३. ASSOSAI विषयक कार्यक्रममा सहभागी हुन पठाउने (महालेखा नियन्त्रक अवनीन्द्रकुमार श्रेष्ठ समेतलाई) विषयको अर्थ मन्त्रालयको नं.२।१४६-०६५।११।२२ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

४. महत्वपूर्ण सरकारी कागजातहरु लोक्ताबाट निर्मित नेपाली कागजमा छपाइ गर्ने विषयको उद्योग मन्त्रालयको नं. ३।३६-०६५।११।२३ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

५. विशेष अदालतको अध्यक्ष तोक्ने (न्यायाधीश गौरीबहादुर कार्कीलाई) विषयको कानून, न्याय तथा संविधान सभा व्यवस्था मन्त्रालयको नं. ४।७६-०६५।११।२२ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

६. कोशी बाढी पीडितलाई पुनःस्थापना गराउन सोझै वार्ताबाट सामान खरिद गर्ने र निर्माण कार्य गराउने विषयको कृषि तथा सहकारी मन्त्रालयको नं. ५।४५-०६५।११।२२ को प्रस्ताव - प्रस्तावको प्रकरण ४. 'निर्णय हुनुपर्ने व्यहोरा' अन्तर्गत प्रस्तावित खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राख्ने गरी अरु प्रस्तावमा लेखिएबमोजिम गर्ने-

"(घ) यसरी खरिद गरेको र कार्य सम्पन्न भएको अखिलेख सम्बन्धित कार्यालयले सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४५ बमोजिम राख्ने र उल्लिखित कार्यहरू गुणस्तरयुक्त रूपमा भए नभएको अनुगमन कृषि तथा सहकारी मन्त्रालयले गर्ने ।"

७. नेपाली प्रतिनिधिमण्डलको मनोनयन गर्ने (मा.मन्त्रीको नेतृत्वमा) विषयको कृषि तथा सहकारी मन्त्रालयको नं. ५।४६-०६५।११।२५ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

८. सडक व्यापार व्यवस्थापन तथा सुधार कार्यान्वयन समिति गठन गर्ने विषयको गृह मन्त्रालयको नं. ६।२१५-०६५।१०।६ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने -

९. २०६६ सालमा दिइने सार्वजनिक एवं पर्व बिदा र कार्यालय समय निर्धारण गर्ने विषयको गृह मन्त्रालयको नं. ६।२३५-०६५।११।४ को प्रस्ताव - यसैसाथ संलग्न तालिकामा उल्लेख भएबमोजिम सार्वजनिक एवं पर्व विदाहरू स्वीकृत गर्ने गरी अरू प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१०. संस्थान कर्मचारी शहीद घोषणा गर्ने (स्व.नरेन्द्र खातीलाई) विषयको गृह मन्त्रालयको नं. ६।२४८-०६५।११।२० को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

११. कोशी बाढी पीडित व्यवस्थापन उच्चस्तरीय कार्यदलमा सदस्य तथा कार्यदिन थप गर्ने विषयको गृह मन्त्रालयको नं. ६।२६४-०६५।११।२५ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१२. नेपाल-भारत जलस्रोत सचिवस्तरीय संयुक्त जलस्रोत समितिको चौथो बैठकमा भाग लिन पठाउने (सचिवको नेतृत्वमा) विषयको जलस्रोत मन्त्रालयको नं. ७।३९-०६५।११।२१ को प्रस्ताव - कृषि तथा सहकारी मन्त्रालयका सह सचिव एक जनालाई प्रतिनिधिमण्डलमा समावेश गर्ने गरी अरू प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१३. 5th World Water Forum मा भाग लिने (मा.मन्त्रीको नेतृत्वमा) विषयको जलस्रोत मन्त्रालयको नं. ७।४०-०६५।११।२५ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१४. भारत सरकारसँग हुने SAARC Tele-medicine Project समेतको चारवटा समझदारी पत्रमा हस्ताक्षर गर्ने विषयको परराष्ट्र मन्त्रालयको नं. ८।५२-०६५।११।२१ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१५. नेपाल जर्मनीबीच कूटनैतिक सम्बन्ध स्थापना भएको स्वर्ण महोत्सवको उद्घाटनमा नेपाली प्रतिनिधिमण्डल पठाउने विषयको परराष्ट्र मन्त्रालयको नं.८।५४-०६५।११।२२ को प्रस्ताव- प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१६. रेखाङ्कन (पुष्पलाल लोकमार्गको) विषयको भौतिक योजना तथा निर्माण मन्त्रालयको नं. १०।५२-०६५।११।१५ को प्रस्ताव - पुष्पलाल लोकमार्गसँग जोडिने गरी वैकल्पिक सहायक मार्गको रूपमा ओखलढुङ्गाको सदरमुकाम जोड्ने, काठमाण्डौ-त्रिशुली-सल्यानटार-पालुङटार-भोर्लेटार हुँदै पोखरासम्म र पोखरादेखि ढोरपाटन हुँदै सुर्खेतको सदरमुकामसम्मको रेखाङ्कनसमेत साथसाथै गर्ने गरी अरू प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१७. महिला सीप विकास समिति र महिला सीप विकास केन्द्र विघटन गर्ने विषयको महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको नं. ११।२७-०६५।११।२३ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१८. सरकारी वार्तांटोली र विभिन्न ६ वटा समूहहरुबीच भएका अनुसूची १ देखि ६ सम्मका सहमतिहरु अनुमोदन गर्ने विषयको शान्ति तथा पुनर्निर्माण मन्त्रालयको नं. १५।५४-०६५।११।२१ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१९. Meeting of SAARC Ministers of Education/Higher Education मा भाग लिन पठाउने (मा. मन्त्रीको नेतृत्वमा) विषयको शिक्षा मन्त्रालयको नं.१६।४५-०६५।११।२० को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२०. अस्थायी अध्यापन अनुमति पत्रको म्याद थप गर्ने विषयको शिक्षा मन्त्रालयको नं. १६।४६-०६५।११।२२ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२१. भूमिसुधार तथा व्यवस्था मन्त्रालयको मिति २०६५।११।११ को पत्रलाई दृष्टिगत गरी नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०६५।८।२५ को निर्णयानुसार गठित 'भूमिसुधारसम्बन्धी उच्चस्तरीय आयोग' को कार्यक्षेत्रगत शर्तहरूमा देहायबमोजिम संशोधन गर्ने-

(क) दफा २ को उपदफा (२) पछि देहायको उपदफा (३) थप गर्ने -
"भूमिसम्बन्धी समस्यालाई समग्ररूपमा समाधान गर्नुपर्ने भएकाले नेपाल सरकारद्वारा गठन भएका अन्य आयोग (सुकुम्बासी, मुक्त कमैया आदि) सँग कार्यगत सम्बन्ध राखी एकीकृत ढङ्गले कार्यहरू अघि बढाउन सक्नेछ ।"

(ख) दफा ६ को उपदफा (२) पछि देहायको उपदफा (३) थप गर्ने-
'(३) उपदफा (२) बमोजिम आयोगमा खटिएका कर्मचारीहरूले शुरु तलब स्केलको २५ प्रतिशतका दरले भत्ता पाउनेछन् ।'

(ग) दफा ८ मा रहेको 'भूमिसुधार तथा व्यवस्था मन्त्रालयमार्फत राख्नुपर्नेछ' भन्ने व्यहोराको सट्टा 'भूमिसुधार तथा व्यवस्था मन्त्रालयसँग सहकार्य एवं समन्वय गर्दै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत राख्नु पर्नेछ' भन्ने व्यहोरा राख्ने ।

(घ) दफा ९ को अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थप गर्ने -
'तर भूमिसम्बन्धी समस्या समाधान गर्न आयोगले जुनसुकै बेला नेपाल सरकारलाई सुझाव दिनसक्नेछ ।'

२२. मं.प.वै.सं.४५।०६५ मिति २०६५।११।१६ को मन्त्रिपरिषद्को निर्णयानुसार एशियाली विकास बैङ्कको प्रधान कार्यालय मनिलामा उच्च व्यवस्थापन समूहसँग नेपालको विकासको सम्भावना र सुधारका कार्यक्रमको बारेमा छलफल गर्न नेपाल सरकारका मुख्य सचिव डा.भोजराज घिमिरे यही मिति २०६५।११।२६ गते त्यसतर्फ जानुहुने हुँदा उहाँको अनुपस्थितिमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव श्री शङ्करप्रसाद पाण्डेलाई मुख्य सचिव पदमा का.मु.मुकर्रर गर्ने ।

२३. निजामती किताबखानाको मिति २०६५।४।१९ को पत्रबाट जानकारी गराइएअनुसार यही २०६५।१२।२ गतेदेखि नेपाल सरकारको निजामती सेवाबाट अनिवार्य अवकाश प्राप्त गर्नुहुने कृषि तथा सहकारी मन्त्रालयका सचिव (राजपत्राङ्कित विशिष्ट श्रेणी) श्री टेकबहादुर थापालाई वहाँले नेपाल सरकारको निजामती सेवाका विभिन्न ओहदामा रही हालसम्म गर्नुभएको सेवाका निमित्त धन्यवाद दिँदै वहाँको उज्ज्वल भविष्यको कामना गर्ने ।

२४. हरिसिद्धिमा बाह्र वर्षे जात्रा सञ्चालनको लागि बाह्र वर्षे मेला व्यवस्थापन समिति (गुठी) लाई पाँच लाख रुपैयाँ आर्थिक अनुदान उपलब्ध गराउने ।

२५. निजामती सेवा ऐन, २०४९ को दफा ५३ को उपदफा (३) बमोजिम गठन भएका ट्रेड युनियनका केन्द्रीय पदाधिकारी र सदस्यहमध्ये बढीमा पाँचजना सम्मलाई सोही दफाको उपदफा (७) बमोजिम काजको व्यवस्था मिलाउने कार्य सामान्य प्रशासन मन्त्रालयले गर्ने ।

२६. उद्योग क्षेत्रमा देखा परेको असहज परिस्थितिलाई दृष्टिगत गरी देहायबमोजिम गर्ने-

१. उद्योगी व्यवसायीहरुलाई भरपर्दो सुरक्षाको प्रत्याभूति दिने व्यवस्था मिलाउन गृह मन्त्रालयलाई निर्देशन दिने ।

२. बन्द हडतालले उद्योग व्यवसायलाई आक्रान्त पारेको हुँदा औद्योगिक तथा लगानीको वातावरण निर्माण गर्न प्रमुख राजनीतिक दलहरुसँग परामर्श गरी उद्योग क्षेत्रमा निश्चित अवधिसम्म बन्द हड्ताल गर्न नपाउने व्यवस्था मिलाउने ।

३. औद्योगिक क्षेत्रहरु तथा औद्योगिक करीडोरहरु (विराटनगर-इटहरी, वीरगञ्ज-पथलैया, भैरहवा-बुटवल-लुम्बिनी) मा कम्तीमा हप्ताको ५ दिन नियमित रूपमा विद्युत उपलब्ध गराउने व्यवस्था गर्न नेपाल विद्युत प्राधिकरणलाई निर्देशन दिने । यो व्यवस्था अन्य औद्योगिक करीडोर तथा क्लष्टरहरुमा पनि क्रमशः लागू गर्ने ।

४. आफ्नै प्रयोजनको लागि उत्पादन गर्ने र सो क्रममा बचत हुने विद्युत नेपाल विद्युत प्राधिकरणलाई बिक्री गर्ने प्रयोजनको लागि Captive Generation and Co-generation विद्युत उत्पादन गर्ने उद्योगहरुलाई निम्न सुविधा प्रदान गर्ने-

(क) वस्तु उत्पादन गर्ने उद्योग (Goods Producing Industries ) ले डिजेल खरिद गरी विद्युत उत्पादन गर्न चाहेमा नेपाल आयल निगमले आफ्नो मूल्यमा जोडी राखेको डिलर कमिशन, बैङ्क ऋण भुक्तानी लागत (Debt-Servicing), सडक कर र वातावरण कर घटाई कायम हुने मूल्यमा त्यस्ता उद्योगलाई आफ्नो डिपोबाट सोझै डिजेल उपलब्ध गराउने । साथै, त्यस्ता उद्योगी व्यवसायीले सोझै भारतबाट डिजेल आयात गर्न चाहेमा नेपाल आयल निगमले त्यस्ता उद्योगको नाममा सोझै पी.डी.ओ. (Product Delivery Order) जारी गर्ने व्यवस्था मिलाउने ।

(ख) त्यस्ता उद्योगको बचत हुने ऊर्जा नेपाल विद्युत प्राधिकरणले खरिद गर्ने ।

(ग) वस्तु उत्पादन गर्ने उद्योगले आफ्नो प्रयोजनको लागि विद्युत उत्पादन गर्न नयाँ जेनेरेटर आयात गर्न चाहेमा भन्सार, स्थानीय कर, मूल्य अभिवृद्धि कर तथा अन्य शुल्क तथा करहरु पूर्ण रूपमा छुट दिने ।

(घ) माथि बुँदा नं. ४. (क) अनुसार बिक्री हुने डिजेलको अपचलन हुन नदिने व्यवस्था उद्योग मन्त्रालयको समन्वयमा वाणिज्य तथा आपूर्ति मन्त्रालयले मिलाउने ।

५. नेपाल विद्युत प्राधिकरण अन्तर्गत रहेको मल्टिफ्यूल प्लान्टलाई प्रतिस्पर्धाद्वारा निजी क्षेत्रलाई सञ्चालन गर्ने जिम्मेवारी दिन जलस्रोत मन्त्रालयले तुरुन्त आवश्यक व्यवस्था गर्ने ।

६. उद्योग क्षेत्रमा परेको समस्या निराकरण गर्न सरकारी तथा निजी क्षेत्रको सहभागितामा माननीय उद्योग मन्त्रीको संयोजकत्वमा एक उच्चस्तरीय समिति गठन गर्ने । यसैगरी बुँदा नं. ४. क र बुँदा ७. मा उल्लेख भएबमोजिम राहत तथा सुविधा उपलब्ध भए नभएको अनुगमन गर्न सरकारी तथा निजी क्षेत्रको सहभागितामा माननीय वाणिज्य तथा आपूर्ति मन्त्रीको संयोजकत्वमा छुट्टै उच्चस्तरीय समिति गठन गर्ने ।

७. कृषकहरुलाई राहत सुविधा

सिँचाइको प्रयोजनको लागि पम्पसेट सञ्चालन गर्ने कृषि व्यवसायीलाई प्रस्ताव नं. ४ ख मा वस्तु उत्पादन गर्ने उद्योगलाई दिए सरह सहुलियत दरमा डिजेल उपलब्ध गराउने व्यवस्था सम्बन्धित मन्त्रालयहरु समेतको सहयोगमा वाणिज्य तथा आपूर्ति मन्त्रालयले मिलाउने ।

२०६५ साल फागुन २१ गते रोज ४ का दिन ०८.०० बजे प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवारमा बसेको मन्त्रिपरिषद्को बैठकको निर्णय –

१. काठमाण्डू र भक्तपुर जिल्लाहरुका इँटाभट्टा उद्योगहरुमा सामाजिक दायित्वबोध कार्यक्रम पहिलो चरण कार्यान्वयन गर्न स्वीट्जरलैण्ड सरकारबाट प्रस्तावित सम्झौतापत्रमा हस्ताक्षर गर्ने विषयको अर्थ मन्त्रालयको नं. २।१४१-०६५।११।१५ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।
२. बेरुजु फछ्र्यौट समितिको गठन गर्ने विषयको अर्थ मन्त्रालयको नं. २।१४३-०६५।११।१८ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।
३. नेपाल र श्रीलंकावीच प्रारम्भिक हस्ताक्षर सम्पन्न हवाई सेवा सम्झौतामा अन्तिम हस्ताक्षर गर्ने विषयको पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको नं. ८क।२१-०६५।११।१६ को प्रस्ताव - प्रस्तावित हवाई सेवा सम्झौतामा माननीय पर्यटन तथा नागरिक उड्डयन मन्त्रीले हस्ताक्षर गरी सक्नु भएकोले सोको समर्थन गर्ने ।
४. International Travel Bureau (ITB) 2009 मा भाग लिन पठाउने (मा.मन्त्रीको नेतृत्वमा) विषयको पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको नं. ८क।२२-०६५।११।१८ को प्रस्ताव - प्रस्तावको प्रकरण ४ "निर्णय हुनुपर्ने व्यहोरा" अन्तर्गत खण्ड (ख) मा रहेको "मार्च ९ देखि १३, २००९" भन्ने व्यहोराको सट्टा "मार्च ९ देखि १५, २००९" भन्ने व्यहोरा राखी अरु प्रस्तावमा लेखिएबमोजिम गर्ने ।
५. कर मिनाहा गर्ने (आगजनी भई क्षतिग्रस्त सवारी साधनको) विषयको श्रम तथा यातायात व्यवस्था मन्त्रालयको नं. १७३५-०६५।११।१८ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।
६. सल्लाहकार नियुक्ति गर्ने (श्री चक्रपाणि शर्मालाई) विषयको सूचना तथा सञ्चार मन्त्रालयको नं. १९।४७-०६५।१०।२० को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।
७. रेडियो सञ्चार (लाइसेन्स) (तेस्रो संशोधन) नियमावली, २०६५ स्वीकृत गर्ने विषयको सूचना तथा सञ्चार मन्त्रालयको नं. १९।४९-०६५।११।१८ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।
८. दोस्रो विश्व बौद्ध फोरममा सहभागी हुन पठाउने (मा. मन्त्रीको नेतृत्वमा) विषयको संस्कृति तथा राज्य पुनःसंरचना मन्त्रालयको नं. २०।४९-०६५।११।१८ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।
९. म.प.बै.सं. ४५।०६५ मिति २०६५।११।१६ को मन्त्रिपरिषद्को बैठकबाट विभिन्न तीन वटा विश्वविद्यालय स्थापनाका लागि विधेयक तर्जुमा गर्न सैद्धान्तिक सहमति प्रदान गर्ने निर्णय भएकोमा त्यसका अतिरिक्त सुदूरपश्चिमाञ्चल विश्वविद्यालय लगायत अन्य विश्वविद्यालयहरु स्थापनाका लागि विधेयक तर्जुमा गर्न सैद्धान्तिक सहमति प्रदान गर्ने ।

२०६५ साल फागुन १६ गते रोज ६ का दिन १५.०० बजे प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवारमा बसेको मन्त्रिपरिषद्को बैठकको निर्णय –

१. एशिया तथा प्रशान्त क्षेत्रका राष्ट्रिय मानव अधिकार संस्थाहरुको समिति, International Coordinating Committee of National Institutions for the Promotion and Protection of Human Rights को सदस्यता वापत नेपालले बुझाउनु पर्ने शुल्कको भुक्तानी विषयको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नं. १।११९-०६५।११।६ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२. पोशाक भत्ता उपलब्ध गराउने विषयको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नं. १।१२६-०६५।११।११ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

३. नेपाल विकास मञ्च, २०६५ को बैठकको मिति परिवर्तन गर्न स्वीकृति प्रदान गर्ने विषयको अर्थ मन्त्रालयको नं. २।१३४-०६५।११।१ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

४. सम्झौता अनुमोदन गर्ने विषयको अर्थ मन्त्रालयको नं. २।१३५-०६५।११।४ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

५. सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरीङ्ग) निवारण ऐन, २०६४ को दफा २ को खण्ड (ढ) र दफा ४ को खण्ड (ड) को प्रयोजनको लागि नेपाल राजपत्रमा सूचना प्रकाशन गर्ने विषयको अर्थ मन्त्रालयको नं. २।१३६-०६५।११।४ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

६. खाद्यान्न सहयोग कार्यक्रमको लागि जापान सरकारबाट उपलब्ध हुने अनुदान सहायता स्वीकार गर्ने (समर्थन गर्ने) विषयको अर्थ मन्त्रालयको नं. २।१३७-०६५।११।५ को प्रस्ताव - प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मिति २०६५।११।११ को पत्रद्वारा कार्यान्वयनका लागि लेखिगएकोमा सोको समर्थन गर्ने ।

७. एशियाली विकास बैंकको ४२औं बैठकमा सहभागी हुने प्रतिनिधिमण्डल गठन गरी भाग लिन पठाउने (मा. मन्त्रीको नेतृत्वमा) विषयको अर्थ मन्त्रालयको नं. २।१४०-०६५।११।१३ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

८. सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६३ अन्तर्गतका मुद्दालाई सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूची - १ मा समावेश गर्ने विषयको कानून, न्याय तथा संविधान सभा व्यवस्था मन्त्रालयको नं. ४।७०-०६५।१०।२८ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

९. दोभाषे उपलब्ध गराउने (माननीय राघववीर जोशीलाई) विषयको कानून, न्याय तथा संविधान सभा व्यवस्था मन्त्रालयको नं. ४।७१-०६५।११।४ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१०. अन्तर्राष्ट्रिय मानवीय कानून विषयक सम्मेलनका सहभागीको सम्मानमा रात्रिभोज गर्नका लागि रकम निकासा विषयको कानून, न्याय तथा संविधान सभा व्यवस्था मन्त्रालयको नं. ४।७२-०६५।११।५ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

११. संविधान सभाका सदस्यलाई सवारी साधन उपलब्ध गराउने (मा. इन्द्रमाया गुरुङ्गलाई) विषयको कानून, न्याय तथा संविधान सभा व्यवस्था मन्त्रालयको नं. ४।७३-०६५।११।९ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१२. Voluntary Extra Budgetary Contribution विषयको कृषि तथा सहकारी मन्त्रालयको नं. ५।४२-०६५।११।११ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१३. वर्ड फ्लू महामारी रोकथाम तथा नियन्त्रण विषयको कृषि तथा सहकारी मन्त्रालयको नं. ५।४३-०६५।११।११ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१४. बेपत्ता प्रहरी कर्मचारीको आश्रित परिवारले पाउने निवृत्तभरण विषयको गृह मन्त्रालयको नं. ६।२३०-०६५।१०।२९ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१५. शिक्षक शहीद घोषणा गर्ने (स्व.लोकनाथ गैरेलाई) विषयको गृह मन्त्रालयको नं. ६।२३१-०६५।१०।२९ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१६. जाँचबुझ आयोगको म्याद थप गर्ने (स्व.पत्रकार जगतप्रसाद जोशीको) विषयको गृह मन्त्रालयको नं. ६।२३४-०६५।११।१ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१७. कैद माफी मिनाहा दिने (१९० जनालाई) विषयको गृह मन्त्रालयको नं. ६।२३६-०६५।११।४ को प्रस्ताव - उल्लिखित १९० जना कैदीहरुको भुक्तान गर्न बाँकी सजाय माफी मिनाहा दिई कारागारबाट मुक्त गर्ने ।

१८. स्व. ऋषिप्रसाद शर्मालाई शहीद घोषणा गर्ने गृह मन्त्रालयको नं. ६।२४२-०६५।११।१५ को प्रस्ताव - प्रस्तावको प्रकरण ४ "निर्णय हुनुपर्ने व्यहोरा" अन्तर्गत प्रस्तावित "स्व. ऋषिप्रसाद शर्मालाई" भन्ने व्यहोरा पछि "संविधान सभाको निर्वाचनका" भन्ने व्यहोरा राखी अरु प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१९. हिमाली आदिवासीहरुको चाड ग्याल्लो ल्होसारमा सार्वजनिक विदा दिने गृह मन्त्रालयको नं. ६।२४३-०६५।११।१५ को प्रस्ताव - प्रस्तावको प्रकरण ४ "निर्णय हुनुपर्ने व्यहोरा" अन्तर्गत रहेको "ग्याल्लो" भन्ने शब्दको सट्टा "शेर्पाहरुको घ्याल्वो" भन्ने शब्दहरु राख्ने गरी अरु प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२०. कोशी वाढी पीडित व्यवस्थापन उच्चस्तरीय कार्यदल गठन गर्ने विषयको गृह मन्त्रालयको नं. ६।२४४-०६५।११।१६ को प्रस्ताव - प्रस्तावित कार्यदलमा सद्भावना पार्टी र ने.क.पा. (संयुक्त) को प्रतिनिधि सदस्यमा थप गर्ने गरी अरु प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२१. दश वर्षीय जलविद्युत विकास योजना तर्जुमा कार्यदल, २०६५ को म्याद थप गर्ने विषयको जलस्रोत मन्त्रालयको ७३६-०६५।११।४ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२२. जल तथा शक्ति आयोगको नाम परिवर्तन गर्ने विषयको जलस्रोत मन्त्रालयको ७३७-०६५।११।४ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२३. नेपाल र श्रीलंकाबीच परराष्ट्र मन्त्रिस्तरमा संयुक्त आयोग (Joint Commission) स्थापना गर्ने विषयको परराष्ट्र मन्त्रालयको नं. ८।४९-०६५।११।४ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२४. विदेशस्थित नेपाली नियोगका स्थानीय कर्मचारीहरुको तलवमान वृद्धि विषयको परराष्ट्र मन्त्रालयको नं. ८।५०-०६५।११।६ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२५. जेनेभामा आयोजना हुने संयुक्त राष्ट्र संघीय मानवअधिकार परिषद्को अधिवेशनका साथै मित्रराष्ट्र बेल्जियम, जर्मनी र कतारको द्विपक्षीय भ्रमणमा नेपाली प्रतिनिधिमण्डल पठाउने (मा. मन्त्रीको नेतृत्वमा) विषयको परराष्ट्र मन्त्रालयको नं. ८।५१-०६५।११।११ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने

२६. पर्यटन तथ्यांक सम्बन्धी पाँचौ UNWTO अन्तर्राष्ट्रिय सम्मेलनमा भाग लिन पठाउने (मा.मन्त्रीको नेतृत्वमा) विषयको पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको नं. ८क।१९-०६५।११।१३ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने

२७. जग्गाको भोगाधिकार दिने (नेपाल रेडक्रस सोसाइटी, जिल्ला शाखा सुर्खेतलाई) विषयको भूमिसुधार तथा व्यवस्था मन्त्रालयको नं. ९।३८-०६५।११।६ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२८. नाम परिवर्तन गर्ने (पिपा गोश्वारा कार्यालयको) विषयको रक्षा मन्त्रालयको नं. १२।७४-०६५।१०।२९ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२९. सैद्धान्तिक सहमति प्रदान गर्ने (नेपाल खुला विश्वविद्यालय स्थापना गर्ने समेत) विषयको शिक्षा मन्त्रालयको नं. १६।३९-०६५।१०।२७ को प्रस्ताव - प्रस्तावको प्रकरण ४ "निर्णय हुनुपर्ने व्यहोरा" अन्तर्गत रहेका व्यहोराहरुको सट्टा देहायबमोजिमको व्यहोरा राख्ने -

प्रस्तावमा लेखिएबमोजिमका विश्वविद्यालयहरु स्थापनाका लागि विधेयक तर्जुमा गर्न सैद्धान्तिक सहमति प्रदान गर्ने ।

३०. New Dynamics of Higher Education मा भाग लिन नेपाली प्रतिनिधिमण्डल पठाउने (मा मन्त्रीको नेतृत्वमा) विषयको शिक्षा मन्त्रालयको नं. १६।४१-०६५।११।२ को प्रस्ताव - माननीय मन्त्री कार्यक्रममा भाग लिन गई सक्नु भएकोले सोको समर्थन गर्ने ।

३१. निर्णय पुनरावलोकन गर्ने विषयको शिक्षा मन्त्रालयको नं. १६।४२-०६५।११।५ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

३२. World Conference on Education for Sustainable Development मा भाग लिन नेपाली प्रतिनिधिमण्डल पठाउने (मा मन्त्रीको नेतृत्वमा) विषयको शिक्षा मन्त्रालयको नं. १६।४४-०६५।११।९ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

३३. वैदेशिक रोजगार प्रवर्द्धन भ्रमणमा पठाउने (मा. मन्त्रीको नेतृत्वमा समेत) विषयको श्रम तथा यातायात व्यवस्था मन्त्रालयको नं. १७३४-०६५।१०।२९ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

३४. यातायात व्यवस्था कार्यालय, वाग्मतीको संगठन संरचना स्वीकृत गर्ने विषयको सामान्य प्रशासन मन्त्रालयको नं. १८।६९-०६५।११।४ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

३५. स्वैच्छिक अवकाश विषयको सामान्य प्रशासन मन्त्रालयको नं. १८।७०-०६५।११।८ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

३६. International Congress for Women कार्यक्रममा भाग लिने (मा. मन्त्रीको नेतृत्वमा) विषयको सामान्य प्रशासन मन्त्रालयको नं. १८।७३-०६५।११।१५ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

३७. नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानको कार्यालय नक्साल स्थित ललितकला भवनमा स्थापना गर्ने विषयको संस्कृति तथा राज्य पुनःसंरचना मन्त्रालयको नं. २०।४८-०६५।११।६ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

३८. दैलेख जिल्ला अन्तर्गत नारायण नगरपालिका र जिल्ला प्रहरी कार्यालय, दैलेखको जग्गा सट्टापट्टा गर्ने विषयको स्थानीय विकास मन्त्रालयको नं. २१।३५-०६५।१०।२७ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

३९. Local Governance and Accountablility Facility सम्बन्धी अध्ययन भ्रमणमा पठाउने (मा मन्त्रीको नेतृत्वमा) विषयको स्थानीय विकास मन्त्रालयको नं. २१।३६-०६५।११।५ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

४०. देहायका प्रतिवेदनहरु कार्यान्वयनका लागि कार्ययोजना बनाई पेश गर्न सम्बन्धित मन्त्रालयलाई निर्देशन दिने -

(क) अदालतको अधिकार क्षेत्र पुनरावलोकन कार्यदल, २०६५ को प्रतिवेदन ।

(ख) सुरक्षा निकाय आधुनिकीकरण उच्चस्तरीय कार्यदलको प्रतिवेदन ।

(ग) काठमाडौं स्यूचाटार निवासी निर्मल पन्त र पुष्कर डंगोलको हत्या सम्बन्धमा गठित न्यायिक जाँचबुझ आयोगको प्रतिवेदन ।

(घ) प्रशासन पुनःसंरचना आयोगको सार्वजनिक सेवा प्रवाहमा सुधारसम्बन्धी प्रथम प्रतिवेदन ।

४१. नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०६०।११।१८ को निर्णयबाट नेपाल न्याय सेवाका राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा बढुवा नियुक्ति हुनुभएका प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव डा. कुलरत्न भूर्तेल यही २०६५ साल फागुन १८ गतेदेखि नेपाल सरकारको निजामती सेवाबाट अनिवार्य अवकाश प्राप्त गर्नुहुने भएकोले नेपाल सरकारको निजामती सेवाका विभिन्न ओहदामा रही गर्नुभएको सेवाका निमित्त वहाँलाई धन्यवाद दिँदै उज्ज्वल भविष्यको कामना गर्ने ।

४२. व्यक्ति वेपत्ता पार्ने (कसुर र सजाय) अध्यादेश, २०६५ को दफा १०. को उपदफा (३) बमोजिमको सिफारिश समितिको सदस्यमा देहायका महानुभावलाई मनोनयन गर्ने -

(क) पूर्व मन्त्री पद्मरत्न तुलाधर,

(ख) नेपाल विषयको एसोसियसनका महासचिव श्री रमनकुमार श्रेष्ठ ।

४३. नेपाल वार एसोसियनलाई उक्त एसोसियनको वार्षिक दिवस सम्बन्धी कार्यक्रम सञ्चालन गर्न छ लाख रुपैयाँ आर्थिक सहायता उपलब्ध गराउने ।

४४. सार्वजनिक सेवालाई समावेशी बनाउने सम्बन्धमा केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०६५ ले देहायका ऐनमा संशोधन गरेकोले तदनुरूप सम्बन्धित नियमावलीमा संशोधन गर्नुपर्ने विषयहरू मिलाई नियमावली स्वीकृतिका लागि पेश गर्न सम्बन्धित मन्त्रालयलाई निर्देशन दिने -

(क) प्रहरी ऐन, २०१२

(ख)	विकास समिति ऐन, २०१३
(ग)	शिक्षा ऐन, २०२८
(घ)	नेपाल विशेष सेवा ऐन, २०४२
(ङ)	स्वास्थ्य सेवा ऐन, २०५३
(च)	सशस्त्र प्रहरी ऐन, २०५८
(छ)	सैनिक ऐन, २०६३